नेपाल सरकार

# ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११५१६
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति: २०८३/०५/१०

आज मिति २०८३/०५/१० गते रसुवा जिल्लामा आएको आकस्मिक बाढीका कारण विद्युत तथा अन्य भौतिक पूर्वाधारमा समेत ठूलो क्षति पुगेको प्रारम्भिक जानकारी प्राप्त भएको छ। हालसम्म प्राप्त प्रारम्भिक विवरणअनुसार विद्युत उत्पादन, प्रसारण तथा वितरण संरचनालगायतका पूर्वाधारमा तपसिल बमोजिम क्षति पुगेको छ। उक्त विपद्पछि उद्दार, राहत, विद्युत आपूर्ति पुनः स्थापना तथा प्रभावित क्षेत्रमा आवश्यक समन्वयका लागि ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयबाट गरिएका पहल तथा समन्वयात्मक कार्यहरू समेत तपसिल बमोजिम प्रस्तुत गरिएको छ।

<u>तपशिल</u>

१. बाढीको कारणवाट सम्पर्क हुन नसकेका कर्मचारी, मजदुर लगायत स्थानीयहरुको विवरण संकलन र उद्दार कार्यको लागि गृह मन्त्रालयसँग समन्वय गरि उद्दार तथा पुनर्स्थापनाको कार्य भइरहेको ।साथै नेपाल विद्युत प्राधिकरणबाट ७ वटा सवारी साधन उद्दार कार्यका लागि क्षतिग्रस्त स्थानमा पठाइएको छ भने १४ वटा सवारी साधन सतर्क अवस्थामा राखिएको छ।उद्दार कार्यको सहजिकरण तथा समन्वयको लागि मन्त्रालयको सहसचिव (प्रशासन महाशाखा) बाढी प्रभावित क्षेत्रमा खटिनु भएको छ ।

२. रसुवा जिल्लामा ५ वटा सञ्चालनमा रहेका (कुल २३६ मेगावाट) तथा ३ वटा निर्माणाधीन (कुल ३४२.४२ मेगावाट) प्रमुख जलविद्युत आयोजना प्रभावित भएका छन्। प्रभावित आयोजनामा माथिल्लो त्रिशूली–१ (२१६ मेगावाट), रसुवागढी (१११ मेगावाट), रसुवा भोटेकोशी (१२० मेगावाट), साञ्जेन खोला (७८ मेगावाट), माथिल्लो मैलुङ ए (६.४२ मेगावाट), मैलुङ खोला (५ मेगावाट), लाङटाङ खोला (२० मेगावाट) तथा चिलिमे (२२ मेगावाट) रहेका छन्।

३. नुवाकोट जिल्लामा ४ वटा सञ्चालनमा रहेका (कुल १२३ मेगावाट) तथा २ वटा निर्माणाधीन (कुल ५२.६ मेगावाट) आयोजना प्रभावित भएका छन्। ती आयोजनामा त्रिशूली जलविद्युत आयोजना (२४ मेगावाट), देवीघाट जलविद्युत आयोजना (१४.१ मेगावाट), माथिल्लो त्रिशूली–३ ए (६० मेगावाट), माथिल्लो त्रिशूली ३ बी (३७ मेगावाट), मिडल त्रिशूली गंगा (१५.६ मेगावाट) तथा २५ मेगावाट क्षमताको सोलार आयोजना रहेको छन्।

४. विद्युत आपूर्ति बन्द हुन नदिइ विद्युत सेवा सुचारु गर्न नेपाल विद्युत प्राधिकरणबाट प्राविधिक टोलि परिचालन गरिएको छ ।

५. जलविज्ञान तथा जलस्रोत अनुसंन्धान केन्द्रबाट तल्लो तटीय क्षेत्रमा थप क्षति हुन नदिन पूर्व जानकारी सहितको दुइ लाख भन्दा बढी SMS Alert पठाइ सजग गराइरहेको। केन्द्रबाट जडान गरिएको गेज स्टेसन लगाएत अन्य संरचनाको समेत क्षति पुगेकोले थप सुरक्षा जानकारी उपलब्ध गराउन समस्या भएको ।

प्रभावित आयोजनाहरूको विस्तृत क्षतिको विवरण संकलन तथा प्राविधिक मूल्याङ्कन कार्य सम्बन्धित निकायहरूबाट भइरहेको छ। प्राप्त हुने थप विवरणका आधारमा क्षतिको यथार्थ अवस्था तथा पुनःस्थापना सम्बन्धी आवश्यक जानकारी क्रमशः सार्वजनिक गरिनेछ। क्षतिको यथार्थ विवरण संकलन गर्न योजना महाशाखाको सहसचिवज्यूको संयोजकत्वमा समित समेत गठन भएको व्यहोरा अनुरोध छ ।

शालिग्राम भण्डारी
सहायक प्रवक्ता